# खाँदबारी नगरपालिका कार्यालय

### संखुवासभा, खाँदबारी

## निर्माण कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

### (सूचना प्रकाशित मिति :- २०७२/१०/०४)

यस कार्यालयले निम्न निर्माण कार्यहरू ठेक्कामार्फत सम्पन्न गर्नू पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीबाट निम्न बमोजिमको शर्त पालना गर्ने गरी रित पूर्वकको गोप्य सिलवन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक बोलपत्रदाताहरूले बोलपत्र दस्तुर वापत तपसीलमा उल्लेख भए बमोजिम फिर्ता नहुने गरी तपसिल बमोजिम रकम बुझाई आ.व. ०७२/०७३ को लागि नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखादर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. ०७१/०७२ सम्मको कर चुक्ता प्रमाणपत्रहरू (नगरपालिकाको नियमानुसरको व्यवसाय कर समेत) का प्रमाणित प्रतिलिपि पेश गरी कार्यालय समय भित्र यस कार्यालयबाट सम्बन्धित निर्माण व्यवसायी वा अधिकार प्राप्त प्रतिनिधिले यस नगरपालिका कार्यालय, जिल्ला प्रशासन कार्यालय, संखुवासभा, कोष तथा लेखानियन्त्रक कार्यालय, संखुवासभामा समेत बोलपत्र खरिद गर्न सक्नेछ । नगरपालिका बाहिर कार्यालय ठेगाना रहेका निर्माण व्यवसायिहरूको हकमा आ.व. ०७२/०७३ को लागि नियमानुसार नगरपालिकामा लाग्ने व्यवसाय कर समेत बुझाएको निस्सा पेश गर्नु पर्नेछ ।

२. खरिद भएका बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको ठीक १२:०० बजे भित्र खाम बाहिर कार्यालयको नाम, ठेक्का नं., कामको विवरण र फर्मको नाम स्पष्ट उल्लेख गरी यस कार्यालयमा गोप्य सिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ । दर्ता हुन आएका वोलपत्रहरू प्रथम पटक सूचना प्रकाशित मितिले ३१औं दिन दिनको ठीक १:०० बजे बोलपत्रदाताहरू वा निजको प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरू वा निजका प्रतिनिधिहरूको अनुपस्थितिमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४. बोलपत्र साथ जमानत वापत उल्लेख भए अनुसारको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक खाँदबारी स्थित धरौटी खाता ***ग ३/१ धरौटी*** जम्मा गरेको सक्कल बैंकभौचर वा घटिमा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममाजारी भएको बिडवण्ड अनिवार्य रूपले पेश गर्नु पर्ने छ ।

५. विलअफ क्वान्टिटि, स्पेशिफिकेशनसमेत संलग्न भएको बोलपत्र सम्बन्धि कागजातहरू यस कार्यालयबाट उपलब्ध गराईनेछ । यो सूचना तथा बोलपत्र सम्बन्धि कागजातमा उल्लेखित भएका शर्त बमोजिम प्राप्त नभएका बोलपत्र माथि कार्यालयले कुनै कारवाही गर्ने छैन ।

६. बोलपत्रशर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको बोलपत्र पूस्तिकामा कूनै थपघट वा द्रुष्टब्य नलेखेको हूनू पर्ने छ । समय भित्र प्राप्त नभएको रीत नपूगेको सुचनाका शर्त विपरीत भएको बोलपत्र माथी कारवाही हूने छैन ।

७. बोलपत्र सम्बन्धी कागजातहरूको प्रत्येक पानामा बोलपत्रदाताले दस्तखत गरी फर्मको छाप लगाउनु पर्नेछ । बोलपत्रमा प्रत्येक आईटम दररेट ( भ्याटबाहेकको) अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत भएको हुनुपर्नेछ ।

८. ठेक्का संकेत नं. ०१/०७२ /७३ को हकमा बोलपत्रदाताले अन्तिम तीन वर्षको लेखापरीक्षण प्रतिवेदनमा औषत वार्षिक एक करोड कारोबार भएको देखिएको प्रमाणीत कागजात पेश गुर्नपर्नेछ । संयुक्तउपक्रममा कार्य गर्ने भएमा दुई भन्दा बढी साझेदार हुनपाईने छैन र मुख्य साझेदार बोलपत्र दाताको ६० प्रतिशत र सहायक बोलपत्रदाताको ४० प्रतिशत योग्यता पुरा गरेकको हुनुपर्ने ।

९. बोलपत्र स्वीकृत गर्ने, नगर्ने तथा आंशिक रूपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१०. यस सम्बन्धी अन्यथप कूरा बूझ्न आवश्यक परेमा यस कार्यालयको सम्पर्क नं. ०२९५६०१४१ र ०२९५६०२५० मा सम्पर्क राख्न सकिने छ ।

११. यस सूचनामा उल्लेख नभएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र स्थानिय निकाय आ. प्र. नियामावली २०६४ तथा अन्य प्रचलित ऐन, नियम, कानुन अनुसार हुनेछ ।

| ठेक्का संकेत नं. | कामको विवरण | बोलपत्र दस्तुर रू. | लागत अनुमान(भ्याट बाहेक)/बोलपत्र वापत जमानत रकम रू. | बोलपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|
| ०१/०७२ /७३ | टुडीखेल सार्बजनिक जग्गा संरक्षण एवं बसपार्क व्यवस्थापन योजना खा.न.पा. १, खाँदबारी सं.स. | ३०००।- | बोलपत्र जमानत रकम रू. १,८०,०००।- | प्रथम पटक सूचना प्रकाशित मितिबाट ३० (तिस) दिनभित्र |
| ०२/०७२ /७३ | बसपार्क निर्माण तथा व्यवस्थापन योजना, खा.न.पा ३, मरूवा मानेभञ्ज्याङ्ग सं.स. | १०००।- | लागत अनुमान रू. ४३,२९,०५२।-<br>बोलपत्र जमानत रकम रू. १,३०,०००।- | |
| ०३/०७२ /७३ | न.पा कार्यालय भवन निर्माण योजना (पहिलो तला थप), खा.न.पा १ | १०००।- | लागत अनुमान रू. ४९,४५,११०।-<br>बोलपत्र जमानत रकम रू. १,४५,०००।- | |
| ०४/०७२/७३ | टुडीखेल मासुपसल तथा तरकारी बजार निर्माण योजना, खा.न.पा. १, खाँदबारी सं.स. | १०००।- | लागत अनुमान रू. ४७,६३,४५०।<br>बोलपत्र जमानत रकम रू. १,४०,०००।- | |

कार्यकारी अधिकृत